जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ३०० २०७९ साल असार २९ गते बुधबार (13 July 2022 Wednesday) मूल्य रु. ५/-

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : वर्तमान सरकारको एक वर्ष :.. ३ पृष्ठमा : पूर्वअर्थमन्त्रीको श्रीलंकाबाट ३ पृष्ठमा : पाकिस्तानी प्रमभन्दा उनका...

## सात राजनीतिक दलद्वारा नगर प्रमुखलाई कारवाही गर्न माग

# सिसी टिभि क्यामराको फुटेजबाट सबै छर्लङ्ग हुन्छ : नगर प्रमुख गुप्ता



नेपाली कांग्रेस शम्भुनाथ नगरसभापती सुरेन्द्र गुप्ता पत्रकार सम्मेलनमा जानकारी गराउँदै।
*तस्बिर : राजविराज दैनिक*




जितेन्द्र प्रसाद गुप्ता
नगर प्रमुख, शम्भुनाथ नगरपालिका

**दैनिक समाचारदाता**
**राजविराज, २८ असार।**

सप्तरीको शम्भुनाथ नगरपालिकाका सात क्रियाशिल राजनीतिक दलहरुको मोर्चाले नगर प्रमुख जितेन्द्र प्रसाद गुप्तामाथी विभिन्न आरोप लगाउँदै छानवीन र कारवाही माग गरेका छन्।

सात राजनीतिक दलहरुले मंगलबार संयुक्त रुपमा पत्रकार सम्मेलनको आयोजना गरि सो माग गरेका हुन्। ती दलका नगर अध्यक्ष एवं प्रतिनिधिहरुले नगर प्रमुख गुप्तामाथी कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापन पत्र समेत बुझाएका छन्।

नेपाली कांग्रेसका नगरसभापती सुरेन्द्र गुप्ता, नेकपा एमाले नगरअध्यक्ष श्रीनारायण चौधरी, जसपा नगरअध्यक्ष सरोज कुमार चौधरी, लोसपा नगरअध्यक्ष मो.याकुव राईन, राप्रपाका जिल्ला अध्यक्ष उम्देश्वर साह, जनमत पार्टीका केन्द्रिय सदस्य मदनेश चौधरी तथा नेकपा माओवादी केन्द्रका स्थानीय नेता सुकदेव साहको संयुक्त हस्ताक्षरित ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी जर्नादन गौतमलाई बुझाइएको हो।

ज्ञापन पत्रमा लोसपा नेता मो.याकुव राईनमाथी नगर प्रमुख गुप्ताको प्रत्यक्ष संलग्नतामा दुर्व्यहार भएको आरोप लगाउदै सो घट्नाको छानवीन गरी दोषीमाथी कारवाहीको माग गरिएको छ।

मोर्चाले आ.ब.२०७८/०७९ मा नगरपालिकाबाट असार २५ सम्म संचालित सबै योजनाहरुको प्रगति प्रतिवेदन सार्वजनिक गर्न, कोभिड पीडित विपन्न परिवारलाई अविलम्ब सरकारबाट प्राप्त सहयोग १० हजारका दरले राहत रकम प्रदान गर्न, आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम सार्वजनिक गर्न तथा मधेश प्रदेश सरकारको सहयोगमा वडा २, ४, ९ र १२ मा संचालित योजना र सडक बोर्डको योजनाहरुको छानवीनको समेत माग गरिएको छ।

यस्तै सात दलिय मोर्चाले पत्रकार सम्मेलन गरी नगर प्रमुख गुप्ताले योजना तर्जुमा, उपभोक्ता समिती गठन, अनुगमन, मुल्याँकन जस्ता कार्यमा प्रत्यक्ष हस्तक्षेप गरी मनपरी ढंगले काम गरिरहेको आरोप लगाएका छन्।

सोही विषयलाई लिएर विरोध गर्न जाँदा असार २५ गते राती ९ बजे तीर नगरपालिका परिसर भित्रै नगरप्रमुख गुप्ताको प्रत्यक्ष संलग्नतामा आफुमाथी कुटपिट भएको पत्रकार सम्मेलनमा लोसपाका स्थानीय नेता मो.याकुव राइनले आरोप लगाएका छन्। जसपाका केन्द्रीय सदस्य विनोद चौधरीले मो. याकुवमाथी कुटपिट गर्ने घट्नामा संलग्न भएकाहरुलाई पक्राउ गरी कारवाही गर्नू पर्ने माग गरे।

सात दलिय मोर्चाले उक्त ज्ञापन पत्रको बोधार्थ मधेश प्रदेश मुख्यमन्त्रिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय र भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयलाई समेत दिइएको छ।

यता नगर प्रमुख गुप्ताले भने घट्नाका बेला आफु कार्यालयमा नरहेको बताउँदै राती अवेरसम्म बसेर काम गरिरहेका कर्मचारीलाई धम्क्याउदै लोसपा नेता मो.याकुव राईनको नेतृत्वमा पुगेको विपक्षीहरुले काम गर्न नदिएको तथा गाली गलौजमा उत्रिएपछि सेवाग्राहीहरुले नै सामान्य प्रतिकार गरेको दाबी गरेका छन्।

उनले असार २५ गते राती १२ बजेपछि सरवर डाउन हुने भनी सरकारले नै जानकारी दिएको आधारमा दिनरात खटेर काम भईरहेको बेला कर्मचारीहरुलाई गाली गलौजसहित राती किन काम गर्छस भन्दै पुर्वाग्राही भएर विपक्षीहरुले काममा बाधा पुऱ्याएको बताए। केही शिर्षकको रकम समेत फ्रिज हुने अवस्था आएको उनको भनाई छ। उनले नगरपालिकामा जडान गरिएको सिसी टिभि क्यामराको फुटेजहरु हेर्दा सबै सत्यतथ्य आफै उजागर हुने दाबी समेत गरे।

प्रमुख गुप्ताले विपक्षीहरुको असहयोग र अवरोधका कारण कोभिड पीडित ९ सय २६ जनाका लागी आएको ९२ लाख ६० हजार रुपैया फ्रिज समेत हुन पुगेको जानकारी दिए। आफुले कार्यभार सम्हालेको २ महिना पनि नपुगेको बताउदै उनले वस्तुस्थिती अध्ययन गरिरहेकै बेला आफुमाथी विपक्षीहरुद्वारा लगाइएको आरोप सत्य नरहेको जिकिर गरेका छन्।

हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा गुप्ता नेकपा एकिकृत (समाजवादी)को तर्फबाट उम्मेदवार भई नगर प्रमुख पदमा निर्वाचित भएका हुन्।

# एकै गाउँको दुई बालिकासहित तीन जनाको डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २८ असार।**

सप्तरीमा एकै गाउँका दुई बालिकासहित तीन जनाको डुबेर मृत्यु भएको छ। डुबेर

जिल्लाको कंचनरुप नगरपालिका वडा नं. ५ मा मंगलबार पोखरीमा डुवेर एकै गाउँका दुई जना बालिकाको मृत्यु भएको छ।

मृत्यु हुनेमा कंचनरुप नगरपालिका वडा नं. ५ बस्ने सुकदेव सदाको १३ बर्षीया छोरी रजनी सदा र जीतन सदाकी १४ बर्षीया छोरी सेन्द्री सदा रहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ।

प्रहरीका गर्मी छल्न सात/आठ जनाको बालिकाहरुको समूह सोही ठाउँका दिपक चौधरीको पोखरीमा नुहाउन गएका थिए। सोही क्रममा रजनी र सेन्द्री पानीमा डुवेको मृत्यु भएको स्थानियबासीले जनाएका छन्।

सेन्द्रीको पोखरीमा डुवेकै अवस्थामा मृत्यु भएको तथा रजनीको कंचनपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको क्रममा ज्यान गएको प्रहरीले जनाएको छ।

यस्तै सोमबार दिउँसो जिल्लाको डाक्नेश्वरी नगरपालिका ५ मुसहरी टोल बस्ने लुराई सदाको ३० वर्षिय छोरा रामउदगार सदाको डुबेर मृत्यु भएको छ।

घरबाट तेल लिन भनि निस्केकोमा मादक पदार्थ सेवन गरेको अवस्थामा स्थानिय माझी पोखरीमा डुबेर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार डुबेको अवस्थामा स्थानियहरुले देखेपछि आफन्तलाई जानकारी गराउना साथ आफन्तहरुले पोखरीबाट मृत शरीर निकाली घरमा राखेको अवस्थामा प्रहरी टोली पुगि घटना सम्बन्धमा अनुसन्धान कार्य गरिरहेको बताएको छ।

# आयकर बुझाउन विभागको ताकेता

काठमाडौँ, २८ असार (रासस)।

आन्तरिक राजश्व विभागले आयकरको तेस्रो किस्ताबापतको कर तथा विवरण बुझाउन ताकेता गरेको छ। विभागले मंगलबार एक सूचना जारी गर्दै चालु आर्थिक वर्ष २०७८/७९ को आयकरको अनुमानित कर र सोको विवरणको तेस्रो किस्ता वा शतप्रतिशत रकममध्ये तिर्न बाँकी कर असार मसान्तभित्र बुझाउन ताकेता गरेको हो।

विभागले आयकर ऐन, २०५८ को दफा ९४ को उपदफा (१) बमोजिम आय वर्ष २०७८/७९ को आयकरको किस्ता रकम असार मसान्तभित्रै ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा सम्बन्धित राजस्व/करदाता सेवा कार्यालयमा दाखिला गर्न आग्रह गरेको हो।

जनज्योती कृषि सहकारी संस्था लि.
स्था.-२०६८
मलेठ, सप्तरी

# जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### गर्मीले बढाएको पिडा

बढ्दो गएको गर्मीसंगै जनजीवन कष्टकर बन्दै गएको छ । बजारमा मानिसको चहपहल कम भएको छन् भने मानिसको स्वास्थ्य स्थितिमा समेत नराम्रो असर पर्ने गरेको छ । गर्मीकै कारण बालबालिकाहरुमा झाडापखाला र रुघाखोकीको प्रकोपले समेत स्थान लिएका छन् । बढ्दो गर्मीसंगै नगरपालिका लगायत आसपासका क्षेत्रहरुमा लामखुट्टेको प्रकोप समेत बढेकोले आम सर्वसाधारणहरु पीडित भइरहेका छन् ।

गर्मीका कारण आम सर्वसाधारणहरुमा पिडा थप्दै गएपनि नगरभित्र लामखुट्टेको प्रकोप पनि बढ्दै गएको छ । सम्बन्धीत निकाय लामखुट्टे नियन्त्रण गर्ने सन्दर्भमा मौन भएर बसेका छन् । गर्मीले एकातिर सर्वसाधारण पीडित भइरहेको बेला अर्कोतिर विद्युत अनियमित हुँदा जनता थप पीडित हुनु परेको छ ।

तसर्थ गर्मीले बढाएको पिडामा मानिस आफै सतर्क रहनुपर्दछ भने यसबाट जोगिन प्रसस्त मात्रामा पानी पिउनुका साथै शरीर लाई शितलता प्रदान गर्ने प्रकारको खाना खानु नै उयपुक्त हुनजान्छ ।

# वर्तमान सरकारको एक वर्ष : बिजुली व्यापारदेखि बुढीगण्डकी स्वदेशी लगानीसम्म

काठमाडौँ, २८ असार (रासस) ।

लामो समयदेखि केवल चर्चामा सीमित बुढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानीमा निर्माण गर्नेदेखि बिजुली निर्यातलगायतका काममा वर्तमान सरकार गठन भएपछि उल्लेख्य प्रगति भएको छ ।

यस्तै, चालु आवमा नै राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनासमेत पूर्ण रुपमा सञ्चालनमा आएको छ । वर्तमान सरकार गठन भएपछि मुलुकको ऊर्जा क्षेत्रको विकास र समृद्धिमा महत्वपूर्ण प्रगति भएको छ । एक वर्षको अवधिमा सरकारले ऊर्जा क्षेत्रमा देखिने र अनुभव गर्ने गरी कार्य गरेको छ । त्यसले नेपालको अर्थतन्त्रको विकासमा दीर्घकालीन प्रभाव पर्नेछ ।

वर्तमान सरकारले गरिबमुखी ऊर्जा खपतको अवधारणालाई अगाडि ल्याएको छ । झण्डै २५ लाख ग्राहकले २० युनिटसम्म बिजुली प्रयोग गर्दा रु ३० मात्रै तिरे पुग्ने प्रबन्ध गरिएको छ । विद्युतीय सवारीको प्रवर्द्धनदेखि भान्छा विद्युतीय चुल्होका प्रयोगसम्मलाई रणनीतिक रुपमा अगाडि बढाएको छ । सरकारले 'विदेशी ग्यास छाडौँ, स्वदेशी बिजुली उपभोग गरौँ' भन्ने योजनालाई पूर्ण रुपमा कार्यान्वयनमा लगेको छ । यस अवधिमा निजी क्षेत्रले धमाधम जलविद्युत् आयोजना निर्माण गरिरहेका छन् भने प्रणालीमा बिजुली थप हुने क्रम पनि बढ्दै गएको छ ।

**विद्युत् व्यापारमा फड्को**

सरकार र विशेष गरी ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालको निरन्तर सक्रियताका कारण वर्षायाममा खेर जाने बिजुलीको निर्यात सुरु भएको छ । यसले नेपालको ऊर्जा क्षेत्रको विकासमा नयाँ क्षितिज उघ्रेको छ । यसबाट निजी क्षेत्र उत्साहित भएको छ ।

गत जेठ १९ गतेदेखि भारतको इनर्जी एक्सचेञ्ज मार्केट (आइएक्स) मा ३९ मेगावाट बिजुली निर्यात सुरु भएको थियो । जेठ २७ गतेदेखि दैनिक ३६४ मेगावाट बराबरको बिजुली निर्यात सुरु भएको छ । वर्तमान सरकार गठनभएपछि ऊर्जा क्षेत्रमा भएको सबैभन्दा ठूलो उपलब्धिका रुपमा यसलाई लिन सकिन्छ । बिजुलीको निर्यातबाट दैनिक प्राधिकरणले रु १२ करोड बढी आम्दानी गरेको छ । असार १७ गतेसम्मको विवरणअनुसार कूल रु एक अर्ब ७२ करोड बढी आम्दानी गरिसकेको थियो । हालसम्म आइपुग्दा साढे दुई अर्ब बढी रकम बराबरको बिजुली निर्यात भइसकेको छ । भारतसँग चुलिएको व्यापार घाटा बिजुली निर्यातबाट त्यसलाई केही कम गर्न सकिने अवस्थाको सिर्जना भएको छ ।

अघिल्लो वर्ष दैनिक ५०० मेगावाट बराबरको बिजुली खेर जाने गरेको थियो । बिजुली खेर जाँदा रु पाँच अर्ब बराबरको क्षति भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको थियो । त्यसलाई केही हदसम्म रोकेर त्यसलाई आम्दानीको माध्यम बनाउन वर्तमान सरकार सफल भएको छ । यद्यपि, रातको समयमा अहिले पनि केही मात्रामा बिजुली खेर गइरहेको छ । त्यसलाई पनि आम्दानीको स्रोत बनाउन सरकारले प्रयत्न गर्नुपर्ने आवश्यकता छ ।

गत कात्तिकदेखि ३९ मेगावाट बिजुली भारतीय बजारमा औपचारिक रूपमा बिक्री सुरू गरेको प्राधिकरणले आगामी मनसुनमा भने ३६५ मेगावाट बराबरको बिजुली उपलब्ध गराउने भएको छ । प्रधानमन्त्री देउवाले चैत १८ देखि २० गतेसम्म गरेको भारत भ्रमणको क्रममा नेपालको ऊर्जा क्षेत्रका लागि महत्वपूर्ण कोशेढुङ्गा सावित भएको छ ।

मनसुनको बिजुली खेर नजाने सुनिश्चितता भयो । नेपालका विभिन्न नौ वटा आयोजनाको बिजुली भारत निर्यात हुने मार्ग प्रशस्त भएको छ । प्रधानमन्त्री शेरबहादुर शेरबहादुर देउवाले गत चैतमा गर्नुभएको भारत भ्रमणका क्रममा ऊर्जा क्षेत्रमा सहकार्य गर्नेलगायत निर्यातका सन्दर्भमा सहमति भएको थियो । भारतको आइएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिएको छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नेपालले गत वर्षबाट सुरु गरिएको भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् व्यापार यस वर्षबाट थप प्रभावकारी रुपमा अगाडि बढेको जानकारी दिनुभयो ।

भारतसँगको विद्युत् व्यापार प्रभावकारी रुपमा अगाडि बढेको छ, विदेशी मुद्रा सञ्चितीको चाप परिरहेको हालको अवस्थामा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् बिक्री गरी विदेशी मुद्रा आर्जन गर्न सफल भएको उहाँको भनाइ छ । यसबाट नेपालको भारतसँगको व्यापार घाटालाई केही कम गर्न र देशको सोधानान्तर बचतमा योगदान पुगेको छ ।

उहाँले चालु आर्थिक वर्षमा करिब रु पाँच अर्ब र आगामी वर्षमा करिब रु २० अर्ब बराबरको विद्युत् निर्यातको प्रक्षेपण गरिएको जानकारी दिनुभयो । भारतसँगको विद्युत् व्यापारले नेपालको जलविद्युत्को विकासमा ठूलो सहयोग पुग्ने बताउनुभयो । पहिलो प्राथमिकता देशभित्रै विद्युत् खपत गर्ने र त्यसका लागि प्रसारण र वितरण प्रणालीका पूर्वाधार संरचनामा राज्यले अझै लगानी बढाउनुपर्ने देखिएको घिसिङको भनाइ छ ।

**२५ लाख ग्राहकले पाए महसुल छुट**

संविधान प्रदत्त समाजवादको आधार तयार पार्ने लक्ष्यका साथ सरकारले एकै पटक २५ लाख ग्रामीण क्षेत्रका ग्राहकले रु ३० मात्रै तिरे हुने गरी २० युनिट बिजुली प्रयोग गर्न पाउने व्यवस्था गरेको छ । प्राधिकरणका करिब २२ लाख र सामुदायिकमार्फत थप तीन लाख ग्राहकले त्यस्तो सुविधा पाएका छन् । आगामी आवमा त्यसको मात्रामा झनै वृद्धि गर्ने सरकारको तयारी छ । मन्त्री भुसालले विपन्न नागरिकलाई राहत दिने लक्ष्यका साथ त्यस्तो निर्णय गरिएको प्रतिक्रिया दिनुभएको थियो । गत मङ्सिरदेखि नै सो व्यवस्था कार्यान्वयनमा आयो ।

मन्त्री भुसालले कृषि क्षेत्रको उत्पादकत्व बढाउने लक्ष्यका साथ विद्युत् महसुलमा ५० प्रतिशत बराबरको छुट दिने प्रबन्ध गर्नुभएको छ । स्यालो टचवेल सिमान्तकृत र साना कृषकको जीवनस्तर उठाउने माध्यम भएकोले विद्युत् बढी माग हुने समयमा महसुलमा छुट दिइएको छ । त्यस घोषणालाई विद्युत् नियमन आयोगको अनुमतिपछि कार्यान्वयनमा आइसकेको छ ।

सो व्यवस्थाबाट तीन लाख ८८ हजार घरधुरीका कृषकले राहत पाएका छन् । सरकारको यस्तो प्रबन्धपछि स्वतःस्फुर्तरुपमा टचवेल जडानमा प्रोत्साहन मिलेको छ भने सिञ्चित क्षेत्रको विस्तारमा महत्वपूर्ण योगदान पुगेको छ । डिप टचवेलमा विद्युत् बढी माग हुने समयमा महसुलको ५० प्रतिशत र अन्य समयमा ८० प्रतिशत छुट दिइएको छ । त्यसबाट टचवेल पूर्ण क्षमतामा सञ्चालन हुँदा ७५ हजार बढी कृषकले सहज रुपमा कृषि कर्म गर्न पाएका छन् । सतहको पानी लिफ्ट गरेर कृषि कर्म गर्ने किसानलाई विद्युत् बढी माग हुने समयमा ५० प्रतिशत र अन्य समयमा ८० प्रतिशत छुट दिइएको छ ।

**तामाकोशीले दिएको सन्देश**

वर्तमान सरकार गठन भएपछि स्वदेशी लगानीमा निर्माण भएको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना पूर्णरुपमा सञ्चालनमा आयो । सो आयोजना सम्पन्न हुँदा त्यसले अर्थतन्त्रमा पार्ने सकारात्मक प्रभावका बारेमा कम मानिसलाई मात्रै थाहा थियो ।

प्राधिकरणका अनुसार सो आयोजना सम्पन्न हुँदा मनसुनको समयमा नेपाल बिजुलीमा आत्मनिर्भर हुन पुग्यो । झण्डै पाँच घण्टा पिकिङ गर्न मिल्ने भएकाले पनि सो आयोजना नेपालको ऊर्जा प्रणालीका लागि महत्वपूर्ण सावित भएको छ । विसं २०७८ असार २१ गते सो आयोजनाको सञ्चालनमा आए पनि पूर्ण रुपमा सञ्चालन हुन सकेको थिएन । आयोजना पूर्ण रुपमा सञ्चालनमा ल्याउन वर्तमान सरकार गठन भएपछि थप पहल गरियो ।

स्वदेशी लगानीमा नै निर्माण सम्पन्न भएको सो आयोजनाले नेपालीले पनि ठूला भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा सार्थक प्रयत्न गर्न सक्छन् भन्ने तथ्य स्थापित गरिदिएको छ । समय र लागत बढी लागे पनि आयोजनाले नेपालको ऊर्जा क्षेत्रमा मानक स्थापना गरेको छ । नेपालको बिजुली बङ्गलादेशको बजारसम्म पुऱ्याउनका लागि पनि आवश्यक पहल र प्रयत्न भएको छ ।

**धमाधम सम्पन्न भए प्रसारण लाइन**

प्राधिकरणका अनुसार लामो समयदेखि अनेक समस्याको चक्रब्यूँहमा फसेका केही महत्वपूर्ण प्रसारण लाइनको निर्माण सम्पन्न भएका छन् । कोशी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन वर्तमान सरकार गठन भएपछि नै पूरा भयो । सो आयोजनाको निर्माण सकिँदा करिब दुई हजार मेगावाट बिजुली प्रवाह गर्न सकिने संरचना तयार भएको छ ।

जग्गा प्राप्ति, वन क्षेत्रको जग्गा प्रयोग, स्थानीयवासीको कानुनी दायराभन्दा बाहिरका मागका कारण समस्यामा फसेको सोलु करिडोर १३२ केभी प्रसारण लाइन पनि सञ्चालनमा आएको छ । समुन्द्रटार त्रिशुली १३२ केभी प्रसारण लाइन, दाना कुश्मा प्रसारण लाइनको पहिलो खण्डको काम यसै वर्ष सकिएको छ ।

धादिङको सिद्धलेक गाउँपालिका र गोरखाको पालुङटार नगरपालिकामा केही टावर निर्माणमा भएको अवरोध फुक्दा काठमाडौँ-मर्स्याङ्दी २२० केभी प्रसारण लाइन निर्माण सम्पन्न भएको छ । केही रणनीतिक महत्वका प्रसारण लाइन निर्माण सम्पन्न भएपनि हेटौँडा-ढल्केबर-इनरूवा ४०० केभी प्रसारण लाइन निर्माण सम्पन्न हुन सकेको छैन । सो प्रसारण लाइन निर्माणको अवरोध यहीँ असार २१ गते सर्वोच्च अदालतले मार्गप्रशस्त गरिदिएको छ । यस्तै, भरतपुर-बर्दघाट प्रसारण लाइन अवरोध समेत सर्वोच्च अदालतले खुलाइदिएको छ ।

गर्ज्याङ-खिम्ती प्रसारण लाइन, भरतपुर-बर्दघाट प्रसारण लाइन अझै पूरा भएको छैन । कतै वन क्षेत्रको जग्गा प्रयोगमा जटिलता उत्पन्न भएको छ भने कतै अदालतमा मुद्दा परेका कारण प्राधिकरणले काम गर्न पाएको छैन । यद्यपि, एक दर्जन बढी विभिन्न क्षमताका सवस्टेशन निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् ।

नेपालको कूल ९४ प्रतिशत घरधुरीमा प्राधिकरणको केन्द्रीय प्रसारण प्रणाली पुगेको छ । बाँकी रहेका ६० स्थानीय तहमा पनि निकट भविष्यमा नै केन्द्रीय प्रणालीमार्फत बिजुली उपलब्ध गराउन प्रयास जारी छ । कर्णाली प्रदेशका मुगु,

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## वर्तमान सरकारको ...

हुम्ला, डोल्पा र सुदूरपश्चिम प्रदेशमा पहाडी क्षेत्रमा बिजुली पुऱ्याउनका लागि प्राधिकरणले रु २५ अर्ब बराबरको बजेट खर्च गर्ने गरी आवश्यक प्रबन्ध भएको छ। प्रतिव्यक्ति बिजुली खपत दर पनि ३०० किलोवाट घण्टा बराबर पुगेको छ।

**उच्च क्षमताका प्रसारण लाइनमार्फत बिजुली**

प्राधिकरणले यस वर्ष उच्च क्षमताका प्रसारण लाइनमार्फत बिजुली उपलब्ध गराउन अभियान नै सञ्चालन गऱ्यो। प्राधिकरणले १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत बिजुली उपलब्ध गराउने प्रस्ताव गऱ्यो। प्राधिकरणको नेतृत्वको सार्थक प्रयासका कारण थप ३०० मेगावाट बराबरको थप बिजुली माग हुन पुग्यो।

बिजुली विदेशमा बिक्री गर्ने होइन, आन्तरिक रूपमा नै खपत बढाउने योजनालाई प्राधिकरणले अभियानका रूपमा अगाडि बढाइयो। प्राधिकरणले पहिलोपटक सिमेन्ट, डन्डी तथा उच्च बिजुली माग हुने ठूला उद्योगहरूलाई १३२ केभी प्रसारण लाइनमार्फत उपलब्ध गराउन थाल्यो। यसैगरी लामो समयदेखि विवादको भूमरीमा फसेको अमेरिकी सहयोग परियोजना एमसिसी गत फागुन १५ गते प्रतिनिधिसभाबाट स्वीकृत भयो। यो पनि नेपालको ऊर्जा क्षेत्रको विकासका लागि कोशेढुङ्गा स्थापित हुने विश्वास लिइएको छ। एमसिसीको सहयोगमा निर्माण हुने ३१२ किलोमिटर लामो ४०० केभी क्षमताको डबल सर्किट प्रसारण लाइनले सात हजार मेगावाट बराबरका आयोजनाका लागि आर्थिक रूपमा सम्भाव्य बनाइदिएको छ।

**७५० मेगावाट बिजुली प्रणालीमा**

वर्तमान सरकार गठन भएपछि प्रणालीमा ७५० मेगावाट बिजुली थप भएको छ। चालु आवको बजेटमा कूल एक हजार ३०० मेगावाट बराबरको बिजुली थप हुने प्रक्षेपण गरिएको थियो। त्यसमध्ये विसं २०७८ मा कूल २२ साना ठूला जलविद्युत् आयोजना निर्माण सम्पन्न भए। त्यसबाट कूल ७५० मेगावाट बिजुली थप भएको थियो। वैशाखमा र जेठमा मात्रै थप केही आयोजनाले बिजुली प्रणालीमा थप गरेका छन्।

सरकारले तय गरेको लक्ष्यको झण्डै ५० प्रतिशतभन्दा बढी हिस्सा बराबरको बिजुली प्रणालीमा थप भइसकेको छ। औद्योगिक घरानाका रूपमा परिचित विशाल समूह र त्रिवेणी समूहको संयुक्त लगानीको ५२.४ मेगावाटको लिखु-४ पनि यसै वर्ष प्रणालीमा थप भयो। आइएमइ समूहको लगानी रहेको मिस्त्री खोलाबाट ४२ मेगावाट, एमभी दुगड समूहको लगानी रहेको २४.२ मेगावाटको लिखु खोला ए पनि निर्माण सम्पन्न भएका छन्। प्राधिकरणका अनुसार २० मेगावाट क्षमताको तल्लो मोदी, ११ मेगावाटको खारेखोला, २५ मेगावाटको सिङ्गटी खोला र अपर चाकुखोला 'ए' बाट २२.२ मेगावाट बिजुली पनि प्रणालीमा जोडियो। जलविद्युत्बाहेक सोलार प्रविधि र चिनी उद्योगबाट पनि बिजुली वर्तमान सरकार गठन भएपछि नै थप भएको हो।

प्रणालीमा उपलब्ध भएको बिजुलीको मात्रा हेर्दा यो नै हालसम्मकै उच्च हो। झण्डै ११० वर्षमा नेपालको बिजुलीको उत्पादन एक हजार मेगावाट बराबरको हाराहारीमा रहँदै आएको अवस्थामा एक वर्षमा नै ७५० मेगावाट बिजुली थप हुनु आफैँमा ठूलो उपलब्धि हो। प्रसारण प्रणालीको सहज उपलब्धता हुने हो भने दोर्दी करिडोरबाट मात्रै थप १०० मेगावाट बिजुली तत्कालै थप हुने अवस्था छ। रामेछापमा १९ मेगावाट बिजुली प्रणालीमा उपलब्ध गराउन वैकल्पिक व्यवस्था गरिएको छ। बिजुली उत्पादनमा गुणात्मक वृद्धि भएपछि नेपालको कूल जडित क्षमता दुई हजार ३०० मेगावाट बराबर पुगेको छ। तामाकोशी निर्माण सम्पन्न हुनु अगाडि वर्षाको समयमा भारतबाट बिजुली आयात गर्नुपरेको थियो।

वर्षायाममा बिजुली खेर जाने तथा हिउँद लागेपछि भने बिजुलीको हाहाकार देखिने अवस्था पनि देखियो। रूस र युक्रेनको संघर्षको बाछिटा नेपालको ऊर्जा क्षेत्रमा समेत पर्न गयो। एकातिर अन्तर्राष्ट्रिय बजारमा कोइलाको अभाव देखियो भने इन्धनको मूल्यवृद्धिको असर पनि उत्तिकै पर्न गयो। बिजुलीको महसुल घटे पनि प्राधिकरणले प्राविधिक चुहावटमा गरेको कडाइ, बक्यौता भुक्तानी गराउन चालेको प्रयास, चोरी नियन्त्रणमा गरेको कारबाहीका कारण चालु आवको छ महिनामा नै रु १२ अर्ब बराबरको नाफा कमाउन सफल भयो।

**कुलमानलाई प्राधिकरणको जिम्मा**

वर्तमान सरकार गठन भएपछि प्राधिकरणको कार्यकारी निर्देशकका रूपमा पुनः घिसिङको प्रवेश भयो। झण्डै एक वर्षपछि प्राधिकरण फर्किएका घिसिङले बिजुलीको खपत बढाउनेलगायत केही रणनीतिक योजना अगाडि सार्नुभएको छ।

सरकारले उहाँलाई चार वर्षका लागि प्राधिकरणको नेतृत्व सम्हाल्ने अवसर दिएको छ। विसं २०७७ भदौ २९ गते पहिलो कार्यकाल सम्पन्न गरी बिदा भएका घिसिङ २०७८ साउन २७ गते दोस्रोपटक प्राधिकरणको कार्यकारी निर्देशकको रूपमा पुनः फर्केर आउनुभयो। पहिलो कार्यकालमा लोडसेडिङको अन्त्य गरेर जति लोकप्रियता कमाएका घिसिङको दोस्रो कार्यालयमा बिजुलीको खपत बढाउने, प्रसारण लाइनको निर्माण एवं विस्तार तथा बढी भएको बिजुली क्षेत्रीय बजारमा पुऱ्याउने लगायतका चुनौती पनि छन्।

**बुढीगण्डकी बनाउन कम्पनी**

लामो राजनीतिक रस्साकस्कीका बीचमा सरकारले यही असार १४ गते बुढीगण्डकी जलाशयुक्त आयोजनालाई कम्पनी मोडलमा निर्माण गर्ने निर्णय गरेको छ। सो आयोजना कम्पनी मोडलमा निर्माण गर्नेसम्बन्धी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गरेको प्रस्ताव पारित गरेको हो। कूल एक हजार २०० मेगावाट क्षमताको सो आयोजना स्वदेशी लगानीमा निर्माण गर्ने कि विदेशी कम्पनीलाई दिने भन्ने सन्दर्भमा लामो समयसम्म ठोस निर्णय हुन नसक्दा प्रक्रिया अगाडि बढ्न सकेको थिएन।

सरकारले शेयर संरचनासमेत तयार पारेर कम्पनी मोडलमा निर्माण गर्ने गरी आवश्यक निर्णय गरेको छ। सन् २०१४ मा फ्रान्सेली कम्पनी ट्याक्टबेलले सो आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार पारेर सरकारलाई बुझाएको थियो। सरकारले हालसम्म आयोजना प्रभावितका लागि मात्रै रु ४० अर्ब बराबरको मुआब्जा वितरण गरिसकेको छ।

आयोजनाका लागि भनेर नै पूर्वाधार कर लगाएर नेपाल आयल निगममार्फत रु ७० अर्बभन्दा बढी सङ्कलन गरेको थियो। पछिल्ला दिनमा भने सो कर उठाउन बन्द गरिएको छ। लामो समयसम्म चिनियाँ कम्पनी गेजुवाले होल्ड गरेर राखेको सो आयोजना वर्तमान सरकारले स्वदेशी लगानीमा नै निर्माण गर्ने निर्णय गरेको थियो। कम्पनीको अधिकृत पूँजी रु ६० अर्ब बराबरको हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु १०० का दरले कूल ६० करोड कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। कम्पनीको तत्काल जारी पूँजी रु २० अर्ब बराबरको हुनेछ। कम्पनीका संस्थापकले तत्काल चुक्ता गर्न कबोल गरेको पूँजी रु १० अर्ब बराबर रहने छ। कम्पनीमा अर्थ मन्त्रालयको २५ प्रतिशत बराबरको शेयर हिस्सा अर्थात १५ करोड कित्ता बराबर रहनेछ।

**अरुण चार र पश्चिम सेतीअघि बढाइँदै**

लामो समयदेखि चर्चामा रहेको ७५० मेगावाट क्षमताको पश्चिम सेती जलविद्युत् आयोजना भारतीय कम्पनी एनएचपीसीलाई निर्माण गर्ने गरी जिम्मा दिइएको छ। यही असार ६ गते बसेको लगानी बोर्डको बैठकले सो आयोजना भारतीय कम्पनीलाई निर्माणका लागि जिम्मा दिइएको हो। जलाशयुक्त सो आयोजनाले पश्चिम नेपालको समृद्धिको ढोका खोल्ने विश्वास लिइएको छ।

कूल ६९५ मेगावाट क्षमताको अरुण चार अर्धजलाशयुक्त आयोजना अरुण तेस्रो र तल्लो अरुण निर्माण गरिरहेको भारतीय कम्पनी सतजल विद्युत् निगमले नै निर्माण गर्ने गरी सम्झौता भएको छ। यी र यस्ता केही महत्वपूर्ण उपलब्धि वर्तमान सरकार गठन भएपछि ऊर्जा क्षेत्रमा भएका छन्। पछिल्ला दिनमा निजी क्षेत्रको माग बमोजिम नै विद्युत् खरिद सम्झौता (पिपीए) गर्ने निर्णयसमेत भएको छ। वर्तमान सरकार गठनपछि मुलुकको ऊर्जा क्षेत्रको विकास र सम्वर्द्धनमा देखिएको प्रगतिसँगै देशको समग्र आर्थिक विकासमा सुधारका सङ्केत आएको देखिन्छ।

## मेरो प्यारो देश नेपाल



**स्वस्तिका गुप्ता**
**कक्षा ८**
**झ्याली भ्यू स्कुल**
**बानेश्वर, काठमाडौं**

अति सुन्दर र सम्पदाले पूर्ण
मेरो प्यारो देश नेपाल
सभ्यता र संस्कृतिको जननी
मेरो प्यारो देश नेपाल

ऋषि मुनिको तपोवन
मेरो प्यारो देश नेपाल
पवित्र भूमि शान्त र मनमोहक
मेरो प्यारो देश नेपाल

सर्वोच्च शिखर सगरमाथा भएको
मेरो प्यारो देश नेपाल
माता सीता र भगवान बुद्धको जन्मभूमि
मेरो प्यारो देश नेपाल

स्वच्छ वायु र कलकल निर्मल जलको
मेरो प्यारो देश नेपाल
मन प्रसन्न र प्रफुलित बनाउने प्राकृतिक
छँटाले भरिपूर्ण
मेरो प्यारो देश नेपाल

तराई-मधेश, पहाड र हिमाल एउटै माला
मेरो प्यारो देश नेपाल

बहुधार्मिक, बहुजातिय र बहुभाषिक
मेरो प्यारो देश नेपाल

नेपाली भाषका आदिकवि भानुभक्त
र मैथली भाषाका आदिकवि विद्यापतिको जननी
मेरो प्यारो देश नेपाल

शान्त, सुन्दर र विशाल आँचल
मेरो प्यारो देश नेपाल

# विश्व समाचार

## पूर्वअर्थमन्त्रीको श्रीलंकाबाट भाग्ने असफल प्रयास

कोलम्बो, २८ असार (रासस/एएनआई)।

पूर्वअर्थमन्त्री एवम् राष्ट्रपति गोटाबाया राजापाक्षका कान्छा बासिल राजापाक्षको देशबाट भाग्ने प्रयास असफल भएको छ। सोमबार साँझ उनलाई संयुक्त अरब इमिरेट्सको दुबइ जाने हवाइजहाज चढ्नबाट रोकिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

देशमा जारी चरम आर्थिक सङ्कटका बेला बासिलले श्रीलङ्का छोड्ने प्रयास गरेकामा त्यसको हवाइजहाजका यात्रीले घोर विरोध गरेपछि अध्यागमन अधिकारीले उनलाई विमान चढ्न नदिएका डेली मिररले छापेको छ।

यसैबीच, राष्ट्रपति गोटाबायाले देश नछाडेको सभामुख महिन्दा यापा अबेवर्देनाले बताएका छन्। शनिबार राजीनामाको घोषणा गरेका उनी भागेर तेस्रो मुलुक गएका बताइएको थियो। प्रधानमन्त्री रनिल विक्रमासिङ्घे पनि स्वदेशमा नै रहेको दाबी उनले गरेका छन्।

शनिबार राष्ट्रपति भवनमा प्रवेश गरेका हजारौं प्रदर्शनकारी त्यहाँ क्यारम बोर्ड खेलेको, सोफामा सुतिरहेको, बगैँचामा रमाइलो गरेको र भान्सामा खानाको लागि खाना तयार गरेका दृश्यहरू सार्वजनिक भएका थिए। राष्ट्रपति र प्रधानमन्त्रीले पदबाट राजीनामा नदिएसम्म उनीहरूले राष्ट्रपति भवनबाट बाहिर ननिस्कने बताएका छन्।

## बलुचिस्तानमा २४ बालबालिकासहित ६२ जनाको मृत्यु

इस्लामाबाद, २८ असार (रासस/एएनआई)।

बलुचिस्तानमा लगातारको वर्षाका कारण भएका विभिन्न घटनामा २४ बालबालिकासहित ६२ को मृत्यु भएको छ भने सयौँ प्रभावित भएका सरकारी अधिकारीले बताएका छन्।

पाकिस्तानको प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणले बोलान, क्वेटा, झोब, डक्की, खुजदार, कोहलु, केच, मस्तुङ, हर्नाई, किला सैफुल्लाह र सिबीमा सर्वसाधारणको मृत्यु भएको जनाएको छ।

भारी वर्षाका कारण प्रान्तका विभिन्न भाागमा भएका दुर्घटनामा ४८ घाइते भएका तथा ६७० भन्दाबढी घर भत्किएका प्राधिकरणले बताएको छ।

सोमबार पनि कराँचीको कोरङ्गी, सदर, निपा चौरङ्गी, पिपल्स चौरङ्गी, सुपरहाइवे र शहरका अन्य भागमा भारी वर्षा भएको थियो भने केही भाग डुबानमा परेका छन्। डुबान क्षेत्रमा सवारी आवागमन बन्द भएको छ। वर्षाकै कारण विद्युत् आपूर्तिका खम्बाबाट करेण्ट प्रवाह हुँदा तीन जनाले ज्यान गुमाएका छन्।

## कोरोना सङ्क्रमण : भारतमा घट्दै दक्षिण कोरियामा बढ्दै

नयाँदिल्ली, २८ असार (रासस/एएनआई)।

भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या क्रमशः घटिरहेको छ भने दक्षिण कोरियामा बढिरहेको छ। सोमबारको तुलनामा मङ्गलबार तीन हजार ६३ जना कम सङ्क्रमण पुष्टि भएको हो। बितेका २४ घण्टामा १३ हजार ६१५ जना सङ्क्रमित फेला परेका छन्।

हाल भारतमा कोरोनाका कुल सङ्क्रमितको सङ्ख्या चार करोड ३६ लाखभन्दा बढी पुगेका समाचारमा जनाइएको छ। यहाँ एक लाख ३१ हजार ४३ सक्रिय सङ्क्रमित रहेका छन्। यो कुल सङ्क्रमितको ०.३० प्रतिशत हो। करिब चार महिनापछि १२ दिनयता सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा बढी भएको छ।

पछिल्लो एक दिनमा १३ हजार २६५ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड २९ लाख ९६ हजार ४२७ पुगेको छ। कोरोना भाइरस निको हुने यो दर ९८.५० प्रतिशत रहेको छ।

बितेका २४ घण्टामा कोरोना सङ्क्रमणबाट २० जनाको मृत्यु भएको छ। कोरोना महामारीका कारण पाँच लाख २५ हजार चारसय ७४ भन्दा बढीको मृत्यु भएको छ। सोमबार चार लाख २१ हजार दुई सय ९२ कोरोना परीक्षण गरिएको थियो। हालसम्म ८६ करोड ७३ लाखभन्दा बढीको कोरोना परीक्षण भएको छ।

भारतमा सन् २०२१ को जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। हालसम्म कोरोनाविरुद्ध एक अर्ब ९८ करोड ८८ लाख ७७ हजार ८६३ मात्रा खोप लगाइएको छ।

यसैबीच दक्षिण कोरियामा सोमबार ३७ हजार ३६० जना कोरियाको नयाँ सङ्क्रमित भेटिएका स्वास्थ्य अधिकारीहरुले मङ्गलबार जानकारी दिएका छन्। यो सँगै दक्षिण कोरियामा एक करोड ८५ लाख ६१ हजार आठसय ६१ पुगेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

अघिल्लो दिनको तुलनामा मंगलबार १२ हजार छ ९३ जना बढेको जनाइएको छ। कोरोना सङ्क्रमणबाट हिजो सात जनाको मृत्यु भएको थियो। कोरोनाका कारण हालसम्म २४ हजार छ ६८ जनाको मृत्यु भइसकेको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# क्षयरोग रणनीतिक योजना : मृत्युदर ६० प्रतिशत घटाइने

काठमाडौँ, २८ असार (रासस)।

आर्थिक वर्ष २०९१/९२ सम्म क्षयरोगको अन्त्य गर्ने योजनासहित पञ्चवर्षीय योजना सार्वजनिक गरिएको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङले राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले यहाँ आयोजना गरेको कार्यक्रममा ‘क्षयरोग अन्त्यको राष्ट्रिय रणनीतिक योजना २०७८/७९ देखि २०८२/८३’ सार्वजनिक गर्नु भएको हो। रणनीतिक योजनामा आव २०९१/९२ सम्म क्षयरोगको अन्त्य र आव २१०६/०७ सम्ममा क्षयरोग निवारण गर्ने लक्ष्य लिइएको छ।

केन्द्रका निर्देशक डा सञ्जयकुमार ठाकुरले क्षयरोग सामाजिक रोग भएकाले सबैले मिलेर अन्त्य गर्नुपर्ने बताउनुभयो। उहाँले क्षयरोगको कारणले परिवारमा पर्ने अधिक आर्थिक व्ययभार पनि शून्यमा झार्ने गरी रणनीतिक योजना ल्याइएको जानकारी दिनुभयो।

रणनीतिमा आवमा २०८२/८३ क्षयरोगका नयाँ बिरामी दरमा २४ प्रतिशतले कमि ल्याउने लक्ष्य राखिएको छ। उहाँकाअनुसार रणनीतिक योजनामा आर्थिक वर्ष २०८२/८३ सम्म प्रतिलाख जनसङ्ख्यामा १८१ जना क्षयरोगका बिरामी झार्ने लक्ष्य लिइएको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रतिलाख जनसङ्ख्यामा २३८ जना क्षयरोगका बिरामी रहेका छन्।

योजनामा क्षयरोगबाट बिरामी भई मृत्यु हुने दर ६० प्रतिशतले घटाउने लक्ष्य लिइएको छ। यस्तै रणनीतिक योजनामा २०८२/८३ मा प्रतिलाख जनसङ्ख्या २३ जना मृत्युदर झार्ने तयारी गरिएको छ। २०७७/७८ मा प्रतिलाख जनसङ्ख्यामा ५८ जना मृत्युदर रहेको छ।

यस्तै क्षयरोगका बिरामीमा एचआइभी परीक्षण सतप्रतिशतमा पुर्‍याउने लक्ष्य लिइएको छ। अहिले ६९ प्रतिशतमा मात्र एचआइभी परीक्षण भएको छ। केन्द्रका निर्देशक डा ठाकुरले क्षयरोगलाई रणनीतिकअनुसार काम गर्दै जाने र सन् २०५० सम्म नेपाललाई क्षयरोगमुक्त घोषणा गर्ने सरकारको लक्ष्य रहेको बताउनुभयो।

उहाँले रणनीतिक कार्ययोजना सहित क्षयरोगको पहिचान, निदान तथा समयमा नै उपचार गर्न समुदायस्तरसम्म सक्रिय खोज पडताल गर्नुपर्ने बताउनुभयो। उहाँका अनुसार गत वर्ष सात हजार क्षयरोगका बिरामी फेला परेको थिए भने यस वर्ष १० हजार फेला परेका छन्। मन्त्री खापुङले रणनीतिक योजनाअनुसार पाँच वर्षमा उल्लेखनीय मृत्युदर घटाउनुपर्ने बताउनुभयो। उहाँले रणनीतिमा भएको लक्ष्य पूरा गर्नका लागि प्रत्येक वर्ष र प्रत्येक महिनाको के के गर्न सकिन्छ भनेर कार्ययोजना बनाएर काम गर्नुपर्ने बताउनुभयो।

उहाँले अझ पनि धेरै क्षयरोगका बिरामी उपचारभन्दा बाहिर रहेकाले पत्ता लगाई उपचार गर्नुपर्ने बताउनुभयो। सचिव डा रोशन पोखरेलले पाँच वर्षसम्म योजनाअनुसार काम गरेर क्षयरोगका बिरामी घटाउनुपर्ने बताउनुभयो। उहाँले क्षयरोगले धेरै नै आर्थिक व्ययभार बढ्ने गरेको उल्लेख गर्दै योजनाअनुसार काम गर्न नसके मुलुक आर्थिकरूपमा धराशायी हुने बताउनुभयो।

मन्त्रालयका प्रमुख विशेषज्ञ डा श्यामसुन्दर यादवले क्षयरोगका बिरामी पत्ता लगाउन सके क्षयरोग नियन्त्रण गर्न सकिने बताउनुभयो। स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले वडास्तरमा गएर क्षयरोगका बिरामी पत्ता लगाउनुपर्ने बताउनुभयो। उहाँले योजनाले तय गरेको क्रियाकलापअनुसार सबै स्थानीय तहलाई क्षयरोगरहित बनाउनुपर्ने बताउनुभयो।

नेपालमा अहिले २६ हजार ६७७ क्षयरोगका बिरामी राष्ट्रिय क्षयरोग कार्यक्रममा दर्ता गरिएका छन्।

यस्तै नेपालमा प्रत्येक वर्ष ६९ हजार नयाँ क्षयरोगका बिरामी हुने अनुमान गरिए पनि अझ ४१ हजार ५०० बिरामी पत्ता लगाउन नसकिएको केन्द्रका निर्देशक डा ठाकुरले जानकारी दिनुभयो। नेपालमा प्रत्येक वर्ष १६ हजार मानिस क्षयरोगका कारणले मृत्यु हुने गरेका छन्। नेपालमा क्षयरोगको उपचार लागि पाँच हजार ५०३ डट्स केन्द्र, २२ वटा मल्टी ड्रग रेसिडेन्स उपचार केन्द्र र ८१ मल्टी ड्रग रेसिडेन्स उपचार उपकेन्द्र, एक वटा ड्रग रेसिडेन्स (होम) र छवटा ड्रस रेसिडेन्स होल्टल रहेका छन्।

केन्द्रका निर्देशक डा ठाकुरले हरेक प्रदेशमा राष्ट्रिय क्षयरोग रेफ्रेन्स प्रयोगशालालाई सुदृढीकरण गरी जिनएक्सपर्ट मेसिन उपलब्ध गराई क्षयरोगी पत्ता लगाउने बताउनुभयो। यस्तै रणनीतिमा आधुनिक उपकरणको प्रयोग गरी समुदाय र स्वास्थ्य संस्थाबाट क्षयरोगका बिरामी पत्ता लगाउने, क्षयरोगका बिरामीको सम्पर्कमा आएका व्यक्तिको खकार जाँचका लागि सम्पर्क परीक्षण (कन्टयाक्ट ट्रेसिङ)को विस्तार गर्ने, बालबालिकामा हने क्षयरोगको निदान र उपचार व्यवस्थापनलाई सुदृढ गर्नेजस्ता कार्ययोजना रहेका छन्।

यस्तै पाँच वर्षमुनिका बालबालिकामा लेटेन्ट क्षयरोग सङ्क्रमणको उपचार ९० प्रतिशतभन्दा बढी पुर्‍याउने योजना रहेको छ।

# अनलाइनबाट मतदाता नामावली दर्ता सुरु

काठमाडौँ, २८ असार (रासस)। निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली सङ्कलनको कार्यलाई सरलीकरण गर्दै अनलाइनबाट नै फाराम भरी मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था गरेको छ।

आयोगले उक्त कार्य नमूना परियोजनाका रूपमा काठमाडौँ उपत्यकाका काठमाडौँ, भक्तपुर र ललितपुर मंगलबारदेखि सुरु गरेको छ। फोटोसहितको मतदाता नामावलीमा हालसम्म नाम दर्ता नगरेका नेपाली नागरिकले अनलाइनबाट फाराम भर्न चाहेमा निर्वाचन आयोग, नेपालको वेबसाइटwww.election.gov.np मा गई व्यक्तिगत विवरण भरी जिल्ला निर्वाचन कार्यालय (हाललाई काठमाडौँ उपत्यकाका तीन जिल्ला) मा अनलाइनबाटै पेश गर्न सकिनेछ।

सोपश्चात् अनलाइन फाराममा उल्लिखित सङ्केत नंसहितको प्रिन्ट कपी र आवश्यक अन्य प्रमाण कागजात लिएर फोटो खिच्न र औँठा छाप दिन सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क राख्न जानुपर्ने आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलबाट मंगलबार जारी विज्ञप्तिमा जनाइएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


# नेतृत्व खोजेको आरोप : परिषद् अध्यक्ष डा भट्टराई

काठमाडौँ, २८ असार (रासस)।

विभाजनको सङ्घारमा पुगेको जनता समाजवादी पार्टी (जसपा) नेपालको एकै दिन छुट्टाछुट्टै बैठक भएको छ। पार्टी अध्यक्ष उपेन्द्र यादवपक्षको राष्ट्रिय कार्यकारिणी समितिको बैठक वीरगञ्जमा बसेको छ भने पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई पक्षको केन्द्रीय कार्यसमितिको विस्तारित बैठक मंगलबारे काठमाडौँमा भएको छ।

पार्टी रूपान्तरण/पुनर्गठनको औचित्य र कार्यभार विषयमा प्रस्तुत राजनीतिक प्रतिवेदनमा जसपा सङ्घीय परिषद् अध्यक्ष भट्टराईले राष्ट्रिय पार्टी बनाउने उद्देश्यले सामूहिक नेतृत्वको कुरा गर्दै आफूलाई नेतृत्व खोजेको आरोप लागेको गुनासो गर्नुभएको छ।

पार्टीलाई हिमाल, पहाड तराई सबै जातिको प्रतिनिधित्व गराउन सामूहिक नेतृत्व बनाउनुपर्ने भट्टराईको जोड थियो। पार्टीमा तीन जनाको हेडक्वार्टर बनाउँदासमेत एउटा पनि बैठक बस्न नसकेको, केन्द्रीय समिति बैठकमा आफूहरूलाई नबोलाइएको भट्टराईको गुनासो छ।

विसं २०७६ वैशाख २३ गते तत्कालीन सङ्घीय समाजवादी फोरम र नयाँ शक्ति पार्टी नेपालबीच एकता भई समाजवादी पार्टी गठन भएको थियो। विसं २०७७ वैशाख १० गते तत्कालीन राष्ट्रिय जनता पार्टीसँग समाजवादी पार्टीको एकता भई जनता समाजवादी पार्टी नेपाल बनेको थियो। भट्टराई पक्षको बैठक भोलि बुधबारसम्म चल्नेछ। उता अध्यक्ष यादव पक्षले पनि बुधबार केन्द्रीय समिति बैठक बोलाएको छ।

# बढ्यो वाणिज्य बैंकको निक्षेप

काठमाडौँ, २८ असार (रासस)।

तरलताको अभाव रहेको भनिएका बैंक तथा वित्तीय संस्थामा पछिल्ला दिनमा उल्लेख्य सुधार देखिएको छ। वाणिज्य बैंकको निक्षेपमा सुधार देखिएपछि त्यसको प्रभाव पनि सकारात्मक परेको छ। गत जेठ महिनाको तुलनामा असार महिना लागेसँगै वाणिज्य बैंकको निक्षेप सङ्कलन रु ९४ अर्बले बढेको पाइएको छ।

नेपाल बैंकर्स सङ्घका अनुसार गत जेठ महिनामा वाणिज्य बैंकको कूल निक्षेप रु ४४ खर्ब रहेकामा असार २४ गतेसम्म रु ४४ खर्ब ९४ अर्ब पुगेको हो। पछिल्लो समय निरन्तररूपमा घटेको निक्षेप असार महिना लागेसँगै केही सुधार देखिएको छ। सङ्घको तथ्याङ्कअनुसार असार पहिलो साता वाणिज्य बैंकको निक्षेप सङ्कलन (३ गते) रु ४३ खर्ब ९४ अर्ब, असार दोस्रो साता (१० गते) रु ४३ खर्ब ९८ अर्ब र असार तेस्रो साता (१७ गते) रु ४४ खर्ब ३२ अर्ब रहेको थियो।


जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np